ISSN NO . 2676–1297

# गोपीचा उपन्यासमा ऐतिहासिक तथ्यको आख्यानीकरण

**दिपकप्रसाद ढकाल***

***अध्ययनसार***

*प्रस्तुत लेख विश्व कुइकेलद्वारा लिखित गोपीचा (२०८०) उपन्यासमा आख्यानीकरणमा केन्द्रित छ । इतिहासमा घटेको वास्तविक घटनालाई आख्यानको वस्तु निर्माण गर्ने हेतुले उपन्यासकारले गरेको काल्पनिक मिथकीय पुनः सृजनका कोणबाट यस लेखको शोध्यविषय निर्दिष्ट गरिएको छ। नेपालको राजनीतिक परिवर्तनमा गणेशमान सिंहले भद्रगोल बन्दीगृह तोडेर भाग्ने क्रममा सहयोगीका रूपमा कार्य गरेको गोपी शर्मा नामक व्यक्ति इतिहासको तथ्य हो । यिनलाई केन्द्रमा राखेर उपन्यासको आख्यान योजना कसरी तयार गरिएको छ भन्ने शोध्यविषय नै यस लेखको अनुसन्धानको पक्ष हो । लेख तयारीका निम्ति पुस्तकालीय कार्यबाट सामग्री प्रयोग गरिएको छ। गोपीचा उपन्यास अनुसन्धानका निम्ति प्राथमिक सामग्री हो भने गोपीचा उपन्यासका विषयमा भएका अध्ययन र इतिहासमा प्राप्त तथ्य द्वितीयक हुन् । यी सामग्रीलाई निगमनात्मक विधिको प्रयोग गरी विश्लेषण गरिएको छ। ऐतिहासिक तथ्यलाई उपन्यासमा आख्यानीकरण गर्दा गरिएका सृजनात्मक पुनरुत्पादन पनि विश्लेषण गरिएकाले आगमनात्मक विधिको पनि प्रयोग भएको छ। यसरी यस लेखमा सत्यापनका तहसम्म अध्ययन क्रमिक बनेको छ। गोपीचा उपन्यासमा गोपी शर्मा नामक पात्रलाई तत्कालीन शासकले अन्तरजातीय विवाहको मुद्दा लगाएर जात घटुवा गरी भद्रगोल जेलमा राखेको ऐतिहासिक तथ्य हो। राणाकालीन समाजमा जात व्यवस्था गहिरोसँग संस्थागत भएको थियो र यही जातीय विविधतालाई बँचाएर शासकले नागरिकमाथि शोषण गर्थे। श्यामश्वेत रूपमा यस उपन्यासमा तत्कालीन समाज प्रतिबिम्बित छ। गोपी शर्मा इतिहासले चिनेको व्यक्ति भए तापनि उसको सङ्घर्षशील चेतना निर्माणमा विविध पक्षले काम गरेको छ। विद्रोह एकै पटक सतहमा देखिने नभई त्यसको वातावरण आन्तरिक रूपमा तयार भएको हुन्छ। यस लेखमा नेवार समाज, राणा परिवारभित्र पनि शोषणमा परेका व्यक्ति तथा सचेत राजनीतिक परिवर्तनका पक्षधर मिलेर विद्रोह सम्पन्न भएको निष्कर्ष प्राप्त भएको छ।*

**शब्दावली** : आख्यानीकरण, जातीय विभेद, विद्रोह, श्यामश्वेत, सत्ता ।

## १.विषयपरिचय

उपन्यासकार विश्व कुइकेलको *गोपीचा* (२०८०) उपन्यास नवीनतम कृति हो । *सुगन्धपुर* कथासङ्ग्रहको प्रकाशन गरी नेपाली साहित्यको आख्यान विधामा प्रवेश गरेका कुइकेल काँठ क्षेत्रको जनजीवन तथा सामाजिक सांस्कृतिक पक्षमा कलम चलाएका व्यक्ति हुन् । आख्यानमा समाज र संस्कृतिको स्थानीयता चित्रण गर्न अभ्यस्त कुइकेल*सुगन्धपुर* कथासङ्ग्रहको प्रकाशनबाट थप उत्साहित भई उपन्यास विधामा प्रवेश गरेको देखिन्छ। घटना, पात्रले विचरण गरेको दिक् तथा काल र त्यसले सृजना गरेको मानसिक भित्ति (विम्ब) मा निखार ल्याएर आख्यानलाई स्पष्ट विम्बात्मक स्वरूप दिन कुइकेल केन्द्रित देखिन्छन् । *गोपीचा* ऐतिहासिक पात्र गोपी शर्मामाथि गरिएको आख्यानीकरण हो । गोपी शर्मा लौहपुरुष गणेशमान सिंहलाई गाथागादी ताक्ने अभियोगमा भद्रगोल जेलमा सर्वस्वहरणसहित सजाय आदेश भएको अवस्थामा जेल तेड्नका निम्ति सङ्घर्ष गरेको र आफ्नै ज्यानसमेत दाउमा राखेर प्रतिबद्ध भएको व्यक्ति हो । इतिहासका पानामा परिवर्तन र रूपान्तरणसँग नाम जोडेर थुप्रै व्यक्तिका बहादुरीता र साहदतका कुरा लेखिँदा पनि गोपी शर्मामाथि समाज चनाखो नहुनु दुःखको विषय हो । कुइकेल इतिहासको गर्तमा विलिन अवस्थामा पुगेको यही पात्रमाथि आख्यानात्मक न्याय गर्ने हेतुले आख्यानीकरणमा प्रतिबद्ध भएका हुन् ।

* लेखक त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा उपप्राध्यापकका रूपमा कार्यरत छन् ।

यस उपन्यासमा इतिहासको त्यस समय बिन्दुमा देखिएको तथा भोगिएको समाजलाई श्यामश्वेत रूपले प्रस्तुत गरी समयको परिवर्तनले दिएको आजको स्वतन्त्रता अनुभूत भएका दिनबाट ती चिसा र अँध्यारा दिनलाई चिहाउने आधार प्रदान गरेका छन्। प्रस्तुत लेखमा ऐतिहासिक समाजको आख्यानीकरण, ऐतिहासिक पात्रको आख्यानीकरण र विद्रोहोन्मुख तत्कालीन समाजको आख्यानीकरणका कोणबाट यस उपन्यासले समेटेको वस्तु (घटना) विश्लेषण गरिएको छ। गोपीचा उपन्यासका विषयमा सामान्य पाठकीय प्रतिक्रियाका स्तरमा अध्ययन भएका छन् तर इतिहासको तथ्यलाई उपन्यासको कलेवर कसरी दिइएको छ र तत्कालीन समाजको काल्पनिक पुनःसृजन कसरी गरिएको छ भन्ने कोणबाट अध्ययन भएको छैन। अध्ययनको यही रिक्तता नै प्रस्तुत लेखको शोध्य विषय हो।

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको हो। यस लेखमा पुस्तकालय स्रोतबाट प्राप्त सामग्रीको विश्लेषणबाट सत्यापनको तहसम्म पुगिएको छ। त्यसैले पुस्तकालय कार्यको परिणाम स्वरूप यो लेख तयार भएको छ। विश्लेषणका क्रममा निगमनात्मक तथा आगमनात्मक विधिको क्रमिक प्रयोग गरिएको छ। विश्लेषणका निम्ति आरम्भमा अवधारण वा ढाँचा दिएर त्यसपछि उपन्यासका सन्दर्भलाई सूचकका रूपमा प्रयोग गरिएको छ। विश्लेषणको अवधारणा निर्माणमा वासु बराल *हिन्दू सामाजिक सङ्गठनको प्रारूप* (२०५०) र ईश्वरीराज लौडारी *प्रजातन्त्रका योद्धा गणेशमान सिंह* (२०६८) मा प्राप्त तथ्यलाई प्रयोग गरिएको छ।

**२. ऐतिहासिक समाजको आख्यानीकरण**

समाज मानिसको बसोबास र त्यसद्वारा सृजित परिपाटीको सामुहिकता हो। कुनै पनि समाजमा त्यहाँ उपलब्ध प्राकृतिक अवहवा, भूवनोट, जैविक विविधताअनुसारका साझा परिपाटी विकसित भएका हुन्छन्। व्यक्तिको गुण यी प्राकृतिक र भौगोलिक सूचकभन्दा भिन्न विषय हो। इच्छाशक्ति, कामना, संसर्ग, कल्पनाशक्ति जस्ता पक्षले व्यक्तिका खास स्वभावजन्य अभिरचना तयार भएका हुन्छन्। समाज विकासका यिनै आधारभूत पक्ष र तिनको क्रमिकताले नै समयको गतिमा परिवर्तनका छापहरू छोड्ने हुन्छ। तत्कालीन काठमाडौँको समाज पनि विविध जात, संस्कृति, सांस्कृतिक पहिरन र खानपान, साझा विश्वास र अन्धविश्वास, शासकहरूका दिनचर्या, शासकका वरपर फेरो लाउने र आफ्नो अभीष्टका निम्ति दौडधुपमा लाग्नेको दैनिकी, जातअनुसारका आर्थिक र पेसागत जीवन यस्तैले सामुहिकताको स्वरूप ग्रहण गरेको थियो।

कठमाडौँको तत्कालीन नगरउन्मुख समाज मानिसका जाति र वर्णको विभिन्नताका कारण विभेदले ग्रसित थियो। फरक जातकाले गर्ने फरक आर्थिक, सांस्कृतिक व्यवहार र शासकले त्यसलाई दिएको स्थान संस्थागत बनेको थियो। मानिसको जैविक संरचना, शारीरिक गुण र शारीरिक सक्रियता प्राकृतिक विषय हो। यसको आफ्नै जैविकीय रचनाप्रणाली र विकास पद्धति हुन्छ तरपनि समाजमा विभेद सृजना गर्ने आदर्शवादी तथा शोषणमूलक सामन्ती विभाजन निरन्तर छ। "जसबाट जुन जन्मन्छ, त्यो उसैको स्वरूप हुन्छ तर पनि तपस्याको न्यूनताले गर्दा निकृष्ट जातिमा प्राप्त हुन्छ। यदि क्षेत्र र बीजमध्ये कुनै एउटा पनि निम्न कोटिको भएमा निम्न कोटिकै सन्तानको उत्पत्ति हुन्छ" (बराल, २०५०, पृ.१६७)। तपस्यामा लागेर विभाजनको आधार तय गरिएको छ। सबैमा समान प्रकृतिको साधना, धैर्य, रुचि, इच्छाशक्ति हुन्न। यो व्यक्तिमा उत्पन्न हुने स्वाभाविक र जैविक सहजताको विषय हो तर शासकले सबैमा समान तपस्याको गुण प्राप्त नभएकै भरमा प्रकृतिको समान सृजनालाई विभेद गर्न थालेको देखिन्छ। प्रकृति (नारी) र पुरुष (भाले) जातिमा हुने सहजात प्राकृतिक गुणको विषयलाई संसर्गको विषयसँग जोडर जन्म प्रक्रिया तथा सन्तानोत्पादनको निरन्तरतामा विभेद र विभाजनको तुष रोपिएको छ। "सनातन र धर्मका नाममा गरिएका यी विभेदले सन्तानोत्पादनलाई जातिगत विभाजनलाई बल पुग्ने गरी अम्बष्ट, निषद, सूत, वैदेह, नागध, तक्षक, चर्मकार भनी विभाजनका संस्थागत स्वरूपलाई निरन्तरता दिइएको छ" (बराल, २०५०, पृ.१६८)। समाजमा शक्तिका स्रोत र साधन आफ्नो हातमा लिएको वर्ग शासक हुन्छन्। तिनले आफ्नो अभीष्ट, स्वार्थ, परिवारको मोह, यौनको आशक्ति, काम क्रोध लोभ र मोहको प्रयोग गरी यस्तो विभाजनलाई संस्थागत रूप दिएका हुन्छन्। यसरी मानिसका प्राकृतिक तथा जैविक उत्पादन प्रणालीलाई विभाजको

घेरामा बाँधेर विकसित भएको जात व्यवस्था "राणा प्रधानमन्त्री जङ्गबहादुरले जारी गरेको *मुलुकी ऐन* १९१० बाट संस्थागत भएको हो" (मैनाली, २०७३, पृ.क) ।तागाधारी, मासिने मतुवाली, नमासिने मतुवाली, पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने, पानी नचल्ने छोइछिटो हाल्नु पर्ने गरी पाँच उपसमूहमा विभाजन गरिएको तत्कालीन समाजको कुसंस्कृतिलाई लिपिबद्ध गरेर राज्यले झन संस्थागत रूप दिएको देखिन्छ । समाजको विभाजित अवस्थाबाट सत्ताको लाभ हिसाबकिताब गर्ने शोषणमूलक मानसिकतामा नै राणाकालीन समाज चलेको देखिन्छ भने शाह कालमा त्यसको संशोधित "जङ्गबहादुरको पालामा जारी भएको मुलुकी ऐनलाई राजा महेन्द्रको पालामा जारी भएको मुलुकी ऐन १९६३ द्वारा प्रतिस्थापन गरियो" (मैनाली, २०७३, पृ. क) रूपले संस्थागत स्थान पाएको छ । शासकहरू जानेरबुझेर पनि नागरिकका बीचमा विद्यमान विषमता तथा विभाजित मानसिकतालाई जोगाउने उद्योगमा सक्रिय हुन्थे किनभने नागरिकमा रहेको विषमताले कमजोरलाई समाजमा निरन्तरता दिन सहज हुने र आफ्ना शासकीय अभीष्ट पूरा गर्न सहज हुने स्वार्थी रणनीतिले काम गरेको देखिन्छ । सत्ताको यही मनोविज्ञान र समाजमा विद्यमान विषमताले सृजना गरेका वर्गीय उचनिचको अवस्था गोपीचा उपन्यासले कार्यपीठिका बनाएको दिक्काल हो ।

*गोपीचा* काठमाडौंको स्थानीयतालाई श्यामश्वेत रूपले चित्रण गरिएको उपन्यास हो । विष्णुमती, वागमती, मनहरा, धोबीखोला लगायतका नदीले सिंचिएको भूमिमा विकसित भएको मानव बस्ती, समुदाय, जातीय वर्ग र शासकले अधीनस्थ तुल्याएका सांस्कृतिक परिपाटीको समष्टि हो । ब्राह्मण, नेवार, क्षेत्री जातका पनि उच्च वर्ग तथा त्यसले सृजना गरेको जातीय व्यवस्था गोपीचा उपन्यासको समाज हो । त्यसैगरी विष्णुमती किनार, पशुपति, गोकर्ण, स्वयम्भू, वसन्तपुर, याट्खा, नयाँबजार, खुसिबु, कुसुलेचौर, बाइसधारा, ज्याठा, असन, इन्द्रचोक, रानीपोखरी, सोह्रखुट्टे, लैनको चउर, केशर महल, दरबारको पर्खाल, नागपोखरी, आर्यघाट जस्ता स्थानीयताका आधारले गोपीचा उपन्यासलाई काठमाडौंको परिवेश तथा जातीय विविधतामा बाँचेको समुदायको वस्तुगत आधार दिएको छ । स्थानीय रङको स्पष्ट आधार तयार पनि गरेको छ । "...अलिक मेलोमा छैन त्यो । पढ्दा पढ्दै छोड्यो । रल्लिएर हिँड्छ । कामधाम पनि केही गर्दैन । सिक् न तभन्दा पनि टेर्दैन" (पृ.१७) भनेर बाबु विष्णुप्रसाद शर्माले पूजापाठ कर्मकाण्डमा अभिरुचि लिनु नै कुलको धर्म रहेको तर गोपी मनमौजी भएकोमा चिन्ता व्यक्त गरेका छन् । गोपीमा ब्राह्मण गुण विकास गर्न व्रतबन्ध गरेको तर आफू र अरू मानिसका बीचमा हुने विभिन्नतालाई स्वीकार्न सकेको छैन । त्यसैले बाबुले धानेको पण्डित्याईंको आलोचनात्मक मूल्याङ्कन गर्दै छ । "ऊ के बाहुन भयो ? उसले क्षेत्रीले गर्न हुने कुन काम गर्न हुन्न ? यो जात कसले बनायो ? यो पद्धति कसले बनायो ?" (पृ.१८) का कोणबाट बाबुको पण्डित्याईं कर्म र व्रतबन्ध गरेर अन्यका माझबाट अलग गरिएको भनिएको व्यवहारको तुलना गरेको छ । क्षेत्रीको छोरीको हात छोएको निहुँमा कुटाइ खानु परेको "एक्लै भेटिएकी चेलीलाई सहयोग गर्न तम्सिएको बेखामानमाथि उनीहरूखनिए ।...जातभातको कुरा जोडेर उसलाई एकदुई झाप्पु लगाए "(पृ.२३) घटनाले एकातिर बेखामानमा जातले सृजना गरेको मानवीय सम्बन्धका बीचको सङ्कीर्णता गढेर बसेको छ भने अर्कातिर यस्तो गलत परिपाटीको विरुद्धमा भित्रभित्र भुसको आगो सल्काउन उद्यत पनि छ ।

तत्कालीन समाज व्यवस्थामा राणाहरू नै विधि, नियम, कानुन र संविधान थिए । सत्तामा पुगेकाले आफ्नो अनुकूलमा समाजमाथि शोषणमूलक नियम बनाउने परिपाटी थियो । विधवा नारीप्रति आफ्नो स्वार्थ मिलेमा उदार र नमिलेमा अनुदार हुने शोषणमूलक व्यवहार थियो । त्यसैले शास्त्रले विधवा विवाहको बाटो खोलेको "वाग्दान गरिएको वा विवाह संस्कार भएकी स्त्रीको पति मऱ्यो भने वा पुरुष सम्पर्क भएकी वा पति जीवित छँदै उसलाई छोडेर आएकी नै भएपनि अर्को वर खोजेर विधिपूर्वक त्यसको पुनर्विवाह संस्कार गर्नु हुन्छ" (गौतम, २०५५, पृ.२६) देखिन्छ । राणा परिवारमा नै सत्तामा बसेकाले स्वार्थ मिल्दा गरेको विधवा विवाह प्रकाशले गर्न चाहेको अवस्थामा वर्जित गरिएको र दरबार निकाला भई पशुपतिमा ओडारको जीवन बिताएको छ । "मेरो एक गरिब विधवा बाहुनीसँग प्रेम परेको थियो । ....तर मेरो प्रेम समाज अनि यो देशका शासकलाई स्वीकार्य भएन । हामीलाई विवाह गर्ने अनुमति दिइएन" (पृ.३७) । प्रकाश स्वयं नै राणाकुलको सदस्य हो । बाहिरबाट राणा थर भएका जतिले सत्ताप्रदत्त सुविधाको मनोमालिन्य पाएका हुन्छन् भन्ने बुझाइ पनि तत्कालीन समाजको वर्गीय संरचनाका कारण गलत सिद्ध भएको छ । "तर उनीहरूका लागि यी

सबैकुरा जायज हुन्छ । उनीहरू चाहेको मान्छेको जात उठाइदिन सक्छन् । खसाइदिन सक्छन् । आफूलाई मन पर्दा जुनसुकै जातकालाई विवाह गर्छन्" (पृ.३८) । जुद्ध शमशेर जसले प्रकाशले विधवालाई गरेको प्रेमको खेदो खने उनी स्वयंको भने मावालीको समेत टुङ्गो नभएको (पृ.३८) स्थिति देखिन्छ। यसमा "सत्तासीन वर्गको बोली नै कनुन हुने" (पृ.३९) विभेदको स्थिति चित्रण गरिएको छ। जातमा आधारित वर्गको विभाजन कथित र स्वार्थको केन्द्रीयतामा अडिएको हो भन्ने त यही द्वैध व्यवहारबाट पनि पुष्टि हुन्छ।

प्रेमले जातीय वर्ग र उचनिच नहेर्ने भएकाले अन्ततः गोपी पनि च्यामिनीसँग गहिरो प्रेममा पर्न पुगेको छ। एकातिर राणाहरूको शोषणमूलक जात व्यवस्थाले संस्थागत रूप लिएको अवस्था छ। अर्कातिर ब्राह्मण कुलमा जन्मिएर ब्राह्मणले गर्न हुने तथा नहुनेका विधि नियमले दीक्षित भएको गोपीचाको मनोदशा निकै अधीर अवस्थामा छ। "हैन दाइ, एक चोटि त कुरा गरिदिनु। धर्म लाग्छ तपाईंलाई, गोपीले ढिपी गर्न छाडेन । ढर्म हैन पासा पाप लाग्छ। बाहुनको बच्चालाई च्यामिनीसँग कुरा गर्ने रे ? (पृ.५१)" को स्थितिमा गोपी पुगेको छ। मनमा गढेर बसेको गहिरो प्रेमलाई त्याग्न पनि नसक्ने र पाउन समाजमा रहेको जात व्यवस्था एवं राणाले चाल पाएमा हुन सक्ने कठोर सजायका कारण अधीर स्थितिमा पुगेको छ। गोपीले सुनकेशरी च्यामिनीलाई आत्माको मायाले साजायो । घरबाट ल्याएको सिन्धुर र पोतेले सजायो तर यस्तो अप्रिय निर्णय गर्ने आँट गोपीले गरे तापनि परिवारबाट नै निकालिनु पर्‍यो । "तँ जा माइला, आजैको मितिबाट । बिर्सी दे यो घरलाई । राणाको राज्यमा यति ठूलो विषय पचाउन सक्ने ताकत हामीसँग छैन" (पृ.७९) को स्थिति सृजना भएको छ। जातीय विभेद र शासकको कोपभाजन दुवैको असरले समाजमा भएको प्रतिष्ठा पनि गुम्ने भय विष्णुप्रसादलाई परेको छ। अन्ततः प्रेम नै जेल सजाय र जात घटुवाको कारण बन्न पुगेको तथा गोपी शर्मा गोपीचामा परिणत भएको छ। प्रेम गरेबापत दण्डनीय अपराधको शिकार हुनुपर्ने तर त्यही प्रेम सत्तासीन राणाले गरेमा क्षम्य हुने शोषणले संस्थागत रूप लिएको छ। मनुस्मृति र मुलुकी ऐनका नियमद्वारा गोपी शर्माको दण्डविधान गरिएको छ। "...अतः निज गोपी शर्मालाई आजैको मितिबाट बाहुनबाट च्यामेमा जात काढी जनै झिकी, मुडी जेल सजाय समेत गर्नू, दामल नगर्नू, निजलाई छ वर्ष जेल सजाय गरी भद्रगोल जेलमा पठाउनू" (पृ.९७) को आदेश भएको छ। मनुस्मृति र मुलुकी ऐनको नियमलाई आधार बनाएर फैसला सुनाइएको छ तर ऐनका नियम पनि व्यक्तिपिच्छे फरक रूपले अर्थिने भन्ने हुन्न। यदि नियमको पालना र त्यसप्रतिको कठोर प्रतिबद्धता हुने हो भने सबैका निम्ति लाग्ने अर्थ समान नै हुन्छ।

काठमाडौंको तत्कालीन समाज, विविध जात व्यवस्थामा विभाजित अवस्था, शासकले जातको जरोलाई संरक्षण गरेर राखेको र नागरिकका बीचको विभाजनलाई आफ्नो शक्तिको स्रोत मानेको स्थितिलाई नै गोपीचामा आख्यानीकरण गरिएको छ। जातीय छुवाछुत, उचनिच, छोइछिटो हाल्नु पर्ने र नपर्ने जस्ता विभेदकारी नियम केवल शासकले आफ्नो शक्ति र सत्ताको निरन्तरता तथा शोषण कायम राख्ने प्रपञ्च मात्र हो ।

### ३. ऐतिहासिक तथ्यको आख्यानीकरण

नेपालको राजनीतिक रूपान्तरण र समाज परिवर्तनमा कालजयी भूमिका खेलेका पात्रका बीच फेरो लगाएर तयार गरिएको उपन्यास हो *गोपीचा*। समुदाय, समाज र राष्ट्रको यथास्थितिमा देखिएका कमजोरी तथा त्यस्ता कमजोरी सुधार गर्ने अभिप्रायले गरिएका सङ्गठित सङ्घर्ष नै राजनीतिक इतिहास बनेको हुन्छ। परिवर्तन र रूपान्तरणका यस्ता घटनालाई अभिलिखित गरेर राख्ने क्रममा सबै मूलधारको पात्र बनेर रहेका हुन्नन् किनभने इतिहास सत्तामा रहेका एवं शक्तिमा रहेकाले पार्ने प्रभावको दस्तावेज पनि हो। त्यसैले इतिहासका विषयमा जित्नेहरूको मात्र लेखिन्छ हार्नेको लेखिन्न भन्ने आलोचनात्मक सङ्कथन पनि प्रचलित छ। नेपालको इतिहासमा राणाकालको क्रूर एवं आततायी शासन व्यवस्थाको अन्त्यका निम्ति वीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, टङ्कप्रसाद आचार्य, डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा, सुवर्ण शमशेर लगायतका नेतृत्वले अग्रणी योगदान दिएर इतिहासमा कालजयी बनेका छन् । यीमध्ये गणेशमान सिंह भद्रगोल जेल तोडेर पैदलबाटो हुँदै सुनौली पुगेको घटना तत्कालीन शासकका कोपभाजनका

दृष्टिबाट निकै कठोर योजना मानिन्छ। *गोपीचा* यही अभियानमा जोडिएको गोपी शर्मा नामक पात्रको आख्यानीकरण गरिएको उपन्यास हो।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा गणेशमान सिंह अदम्य साहसका पर्याय हुन्। राणाको शासनमा जेल तोडेर सुनौली नाका हुँदै भारतको कलकत्ता पुग्ने आँट त्यति बेलाको यातायातको जटिलता भएको अवस्थामा दुसाध्य थियो। राणा र भारतका ब्रिटिसको सम्बन्ध राम्रो भएकाले भारतमा पनि उनलाई लुकेर बस्नुपर्ने अवस्था थियो। "भागेर गएकोले-ब्रिटिस शासन भएको भारतमा पनि उहाँलाई समात्ला भन्ने थियो। त्यसो हुनाले लुकेर बस्नु हुन्थ्यो" (शर्मा, २०७२, पृ.३७) को स्थितिमा भारतको बसाइ थियो। गणेशमानले भद्रगोल जेल तोडेर भाग्नका निम्ति योजना बनाएको र त्यसका निम्ति गोपीचाले आफ्नो ज्यानको समेत पर्वाह नगरी सहयोग गरेको ऐतिहासिक तथ्यमा नै आख्यानीकरणको योजना तयार भएको सन्दर्भलाई हो। यसलाई लौडारी (२०६८) का आधारमा यसप्रकार उल्लेख गरिएको छ :

> वि.सं. १९९९ को मध्यतिर भद्रगोल जेलका धेरै राजबन्दी जेलबाट भाग्ने योजना विफल भएपछि त्यस योजनाको समर्थक गुट नगण्य बन्न पुगेको थियो तर गणेशमान सिंह भने कुनै पनि अर्थमा जेलबाट उम्कनका लागि प्रतिबद्ध बनिसकेका थिए। त्यसै अनुरूप गोपी च्यामे र भीमबहादुर पोडेलाई हात लिएर पर्खाल फोड्न लगाई भाग्ने योजना बन्यो। (पृ.२५)

गणेशमान अठोटका पर्याय थिए। जेलबाट भाग्ने योजना साथीसँगको असहयोगका कारण असफल भएपछि पनि भाग्नका निम्ति उनी प्रयत्नरत थिए। गोपीचाको योजनामा सुरुङबाट भाग्ने बारेको योजना पनि पनि उनको अठोट र अडानकै परिणति थियो (गौतम, २०७६, पृ.१६०)। गणेशमान राजनीतिमा स्थापित भए। राजनीतिक रूपान्तरणमा अग्रणी भूमिका प्राप्त गरे। विजयी भए तर राजनीतिक परिवर्तनको यस महायात्रामा उनका सहयोगी बनेकालाई इतिहासले बिर्स्यो। गोपी शर्मा इतिहासका तथ्य हुन्। गणेशमानको भद्रगोल जेलको प्रसङ्ग गोपी शर्मा नामक ब्राह्मणको नाम बिना अधुरो बन्दछ तर यस्तो अहं भूमिका तथा योगदानका निम्ति सरिक भएका व्यक्तिलाई इतिहासले किन अछुत बनायो। किन बिर्सियो भन्ने प्रश्नमा *गोपीचा* उपन्यासको बीज सन्दर्भ जोडिएको छ।

*गोपीचा* उपन्यास गाणेशमानलाई जेलबाट भगाउन भूमिका खेलेको पात्र गोपी शर्मा नामक ब्राह्मणकै केन्द्रीयतामा आख्यानीकृत भएको हो। नेवार समुदायको च्यामिनीसँग प्रेम विवाह गरेका कारण जात हटक गरी घटुवा गरिएको र ब्राह्मण कुलको सदस्य भएका कारण मृत्युदण्डबाट पनि जोगिएको हो (पृ.१३७)। गोपीचाको जातीय पहिचान के थियो, के कारण ऊ जेलको सजाय भोगिरहेको थियो, उसलाई राणाले अन्ततः कस्तो फैसला गरे र उसको जीवनको जीवित वा मृत अवस्था के रह्यो भन्ने मात्र इतिहासका घटनामा सङ्केत गरिएका विषय हुन्। कुइकेलले गोपीचा पात्रको उत्खनन गरेर आख्यानीकरण गरेको देखिन्छ। यस क्रममा काठमाडौंको मिश्रित समाज, ब्राह्मण कुलका सदस्यले समाजमा प्राप्त गरेको कर्मकाण्डीय परम्परा, परिवर्तन र विद्रोहको सङ्केत बनेर भित्रभित्र भुसको आगो सरह सल्कँदै गरेको अवस्था, गोपीको बैंसालु यौवन र विपरीतलिङ्गी आकर्षणले संवेगात्मक रूपमा पारेको प्रभाव जस्ता विषय पात्रको पुनर्निमाणमा जोडिएका सन्दर्भ हुन्।

गोपी शर्मालाई राणाहरूले सुरक्षित गरेको जात व्यवस्था तथा त्यसको आडमा बसेर राज गर्न सहज हुने वातावरणमाथि विद्रोह गर्ने पात्र सृजनामा आख्यानकार आरम्भबाटै सक्रिय छन्। बाबु र दाजु ब्राह्मणको जात अनुसारका कर्मकाण्डीय गतिविधिमा सक्रिय हुँदै गर्दा त्यस तर्फको उदासीनताको सङ्केत गरेर विद्यमान जातीय व्यवहारको विरोधी गुण सृजना गरिएको छ। "....कुर थापेर माछा मार्नु र विष्णुमतीमा पौडी खेल्नुभन्दा रमाइलो अर्को खेल उसलाई थाहा थिएन। सोह्रखुट्टेको सल्लाघारीमा गएर सुसेली खेल्दै सल्लाको आवाजसँग आवाज मिलाउन पाउँदा ऊ संसार नै बिर्सन्थ्यो" (पृ.१३) को गुणलाई बीजाङ्कुरण गराई गोपीको आगामी चारित्रिक दिशा सङ्केत गरिएको छ। गोपीचामा बिजाधान गरिएको गुणलाई विकसित तुल्याउन आधार पात्रको आवश्यक्ता बोध गरी तत्कालीन नेवार जतिमा पनि जातीय विभेद तथा त्यसले सृजना गरेको उत्पीडनको भोक्ता खोजी गरिएको छ। बाहुनकी छोरीको हात समातेको निहुँमा निर्घात पिटाइ

खाएको बेखामानलाई आधार पात्र बनाइएको छ। गोपी शर्माले नेवार समुदायकी च्यामिनी मन पराउने सम्मको आँट विकास गर्नका निम्ति उसलाई विद्यमान ब्राह्मण परिपाटीप्रति विमति र जातीय विभेद मानवीय दुष्कृतिको परिणाम हो भन्ने चेतना विकास गर्न आवश्यक थियो। त्यसैले "के भो ट ?आज खा न। यो खाएर लाग्दैन। मान्छेको मासु पो खान हुन्न। टेई पनि खाकै छ हेर पासा..." (पृ.२२) भनी विद्यमान सामाजिक संरचना र त्यसले सृजना गरेको विभेदप्रति बेखामानको तीव्र असन्तुष्टि प्रस्तुत गरिएको छ। जातीय छुवाछुत, उचनिच तथा संस्कारका नाममा हुने गरेका व्यवहार मानवीय स्वार्थी विधान हुन्। प्राकृतिक रूपमा मानव सबै समान हुन्। शासकले आफूले चाहे सबैसँग शारीरिक संसर्गदेखि छोएको खान हुने तर सर्वसाधारण नागरिकलाई बन्धन र बन्देज किन भनी आलोचनात्मक चेतना विकास गरिएको छ। "...डरबारको ठूलो मान्छेहरू ट खान्छ रे। राजाले खाएको कुरा टिमले खान किन नहुने ? सप्पै कुरा मान्ने भए टिमीले हामीले छोएको पनि खान हुन्न किन खा को ?" (पृ.२४) बाट पनि बेखामान तत्कालीन शोषणमूलक सामन्ती प्रचलन तथा त्यसको वैज्ञानिकतामाथि आलोचनात्मक हुँदै गएको पुष्टि हुन्छ। एकातिर गोपी शर्माको स्वच्छन्द तथा मनमौजी स्वभाव र अर्कातिर समाजमा संस्थागत रूप लिएको जातीय विभेद आख्यानीकरणको प्रयोजनले निर्मित हुन्। सहजात एवं प्राकृतिक होइनन् भन्ने कोणबाट बेखामानले दिएको अभिव्यक्तिको संयोजन गरी गोपी शर्मामा सत्ताले लादेका नियम तथा धर्मका नाममा नागरिकलाई बाँधेर सत्ता टिकाउने प्रपञ्च बोध गराइएको छ। राणा सामन्त हुन्। तिनले राजाबाट अधिकार खोसेर राजालाई खोपामा (नियन्त्रित वातावरण) मा राखेका छन् भन्ने त उसले जात्रामात्रामा देखेकै हो। राणामा पनि सत्तासीन राणामा उन्माद बढी भएको तथा राणा नै भए पनि उदार मनका अन्य सदस्यलाई दबाउने स्वभाव हुन्छ भन्ने देखाउन प्रकाश पात्रको परिकल्पना गरिएको छ। सबै राणा उस्तै हुन्नन्। सत्ताको अन्धता भएकामा अधिकतर अमानवीय स्वभाव हुन्छ भन्ने कोणबाट विधवासँगको प्रेम अनैतिक पुष्टि गरिएको छ। यस्तै प्रेम सत्तामा बसेकाले गर्दा नैतिक र सत्ता बाहिर बसेकाले गर्दा अनैतिक भएको छ। "मलाई त तिमीहरू जस्ता सामान्य मान्छेको आँखामा खुशी हेर्न मन लाग्छ। तर तिमीहरूका आँखा सधैं मलिन देखिन्छन्। ...मेरो एक गरिब विधवा बाहुनीसँग प्रेम परेको थियो। ....तर मेरो प्रेम समाज अनि यो देशका शासकलाई स्वीकार्य भएन। हामीलाई विवाह गर्ने अनुमति दिइएन" (पृ.३७) ले परिवर्तन समाजमा मात्र होइन। सत्ताको तालाचाबी लिएर बसेका राणाका सदस्य प्रकाशले पनि चाहेका रहेछन्। दमन र हैकममा टिकेको सत्ता कसैका निम्ति पनि प्रिय हुन्नन् भन्ने तर्कलाई आख्यानीकरणका माध्यमद्वारा प्रबल बनाइएको छ।

एकातिर तत्कालीन नेवार जातिमा भुसको आगो बनेर बसेको जातीय विभेदप्रतिको विद्रोह, त्यस विद्रोहले ब्राह्मण समुदायमा पनि भित्रभित्र प्रभावित पारेको तथा राणा पनि सबै कठोर एवं क्रूर हुन्नन् भने अर्कातिर मानवको प्राकृतिक र न्यायपूर्ण जीवनको पक्षमा बोल्ने सदस्य पनि छन् भन्ने अनुकूल परिवेश सृजना गरेर गोपीलाई अन्तरजातीय प्रेमका निम्ति उच्च मनोबलयुक्त पात्रका रूपमा विकास गरिएको छ। त्यसैले ऊ बेखामानलाई "...दाइ मैले भनेको केटी यही हो ! लौन, तपाईंले चिनेको रहेछ, कुरा गरिदिनु पऱ्यो ....च्यामे हो ! नेवार माट् भनेको, तिमी ट अझ च्यामेमा पुगेछ ! थैत, बेमान हुन्न हिँड (पृ.५१)" को अवस्थामा गोपी शर्माको प्रेमको निर्णय पुगेको छ। समाजमा परिवर्तनका सङ्केत अनुभव भएका कारण नै ऊ जातीय विभेदको पर्खालबाट माथि उठेर प्रेमको निर्णयमा पुगेको हो। च्यामिनीसँग लागेको विषय विष्णुप्रसादका यजमान नरबहादुर लगायतले थाहा पाएको र कर्मकाण्डबाट नै अगल गर्ने निर्णयमा पुगेको भेउ पाएपछि गोपी शर्मालाई घरबाट निकालिएको छ। उपन्यासकारले यसलाई तत्कालीन समाज र धर्मका नममा सत्ताले शोाषणमूलक रूपले टिकाएको सत्ताको बिम्ब दिएका छन्। "खोइ आमा, मैले सुनकेशरीसँग किन बिहे गर्न नहुने हो भन्ने कुरा थाहा नै छैन। यस्तै काम राजामहाराजहरूले गर्न हुने। उनीहरूले भोग्न हुने। हामी रैतीलाई किन यस्तो" (पृ.८०) को विभेदपूर्ण सत्ता शासकले संरक्षण गरेर बसेका छन्। अन्ततः काठमाडौं खुसिबु बस्ने धरणीधरको नाति विष्णुप्रसादको छोरा गोपी शर्माले कुसुले चौरकी च्यामिनीसँग बिहे गरी अभक्ष खाइ समाजको नियम उल्लङ्घन गरेका कारण छ वर्ष जेल सजाय भएको तमसुकको व्यहोरा (पृ.९७) आख्यानकारले घटनाको बुनोटमा प्रस्तुत गरेका छन्। गाणेशमान सिंहलाई भद्रगोल जेलमा आँट साहसपूर्वक सहयोग गर्ने गोपीचा को थियो ? के कारण ऊ जेल परेको थियो भन्ने प्रश्नको पृष्ठभूमिमा आख्यानीकरणको यस्तो योजना तयार गरिएको देखिन्छ।

श्यामश्वेत (समाजमा विद्यमान कुरीतिका काला रङ मात्र देखिएको) रूपमा तत्कालीन समाजका जातीय सांस्कृतिक पहिचान, धर्मका नाममा तिनले आत्मसात् गरेका रीतिस्थिति, सत्ताले आफ्नो स्वार्थ मिलेमा विजातीयसँग संसर्ग गरेर भोग्न हुने तर सर्वसाधारणले चोखो प्रेम गरेमा समाजको धर्म उलङ्घन हुने अवस्थालाई गोपी शर्माले बाँचेको विगतबाट पुष्टि गरिएको छ। आख्यानीकरणको योजनाअनुसार नै यी सबै घटना, नेवार समुदायका सांस्कृतिक पर्व उत्सव र शासकका गुप्तचर बनेर समाजमा रहेका पात्रको पुनर्निर्माण गरिएको हो।

**४.विद्रोहोन्मुख सङ्क्रमणकालीन समाजको आख्यानीकरण**

*गोपीचा* उपन्यासको बीज घटना गणेशमानलाई भद्रगोल जेलबाट भगाउन सहयोग गरेको गोपीचा नामक ऐतिहासिक पात्र को थियो र किन ऊ जेल परेको थियो भन्ने प्रश्नमा केन्द्रित छ। यस प्रश्नलाई पुनर्निर्माण गरेर पुष्टि गर्ने हेतुले विद्रोहका पनि विविध पक्ष हुन्छन्। शासकलाई के कुराले बिथोल्छ भन्ने टुङ्गो नहुने भएकाले प्रेम पनि जेल सजाय तोक्नुपर्ने विषय थियो भन्ने कोणबाट विद्रोहको आख्यानीकरण गरिएको हो।

जुद्ध शमशेरको हुकुमी व्यवस्थामा समाज भित्रभित्र कसरी गुम्सिएर बाँचेको थियो भन्ने बिम्ब विद्रोहको आख्यानीकरण हो। सत्ता नागरिकका कमजोरीमाथि अडिएको हुन्छ। नागरिकबाट अनुमोदन प्राप्त गर्नु नपर्ने सत्ताको स्वभाव नै यस्तै हुन्छ। राणाकाल नागरिकका तहबाट अनुमोदित हुनु नपर्ने शासन थियो। हरेक नागरिक उसको आफ्नै स्वभाव र रुचिले चलेको हुन्छ। त्यस्ता स्वभाव जसले राजकाजमा कुनै प्रतिकूलता सृजना नगर्ने हुँदाहुँदै पनि हुकुमी शासनको अहङ्कार सत्ताले व्यवहारमा देखाएको हुन्छ। *गोपीचा* उपन्यासमा पनि तत्कालीन ब्राह्मण समाजको नयाँ पुस्ता, नेवार जाति र राणा परिवारको सदस्य नै पनि सत्तामा बसेकाले गरेका दमनको विद्रोहमा भित्रभित्र सक्रिय थिए। मनोबल उच्च बनाएर विकसित हुँदै थियो। त्यसैगरी राजनीतिक व्यवस्था नै परिवर्तनको योजनाले भित्रभित्र विकसित भएको विद्रोह पनि उपन्यासमा आख्यानीकृत भएको छ। यिनै कोणबाट यस उपन्यासमा विद्रोहोन्मुख समाजको आख्यानीकरणलाई यसप्रकार प्रस्तुत गरिएको छ :

गोपीचामा विद्रोहको मनोबल निर्माण गर्न नेवार समुदाय नै सर्वप्रथम सक्रिय देखिन्छ। जातीय विभेद धर्मको आवरणमा समाजमा सत्ताद्वारा लादिएको परिपाटी हो। सत्तासीनमा अहङ्कार उत्पन्न हुन थालेपछि नागरिकप्रति उसको नजर वक्र बन्दछ। यसलाई काठमाडौंको तत्कालीन समाजमा पनि राणा शासकले लादेको देखिन्छ। बेखामान यसको भोक्ता र गोपीचामा विद्रोह भर्ने ऊर्जा पनि हो। "उनीहरूले बहिनीको हात समातेर खोला तार्दै गरेको बेखामानलाई देखे। उसैका लागि बहिनी छलिएकी थिई भन्ने अनुमान गरे। एक्लै भेटिएकी चेलीमाथि सहयोग गर्न तम्सिएको बेखामानमाथि उनीहरू खनिए। ...जातभातको कुरा जोडेर उसलाई एकदुई झाप्पु लगाए पनि" (पृ.२३) को अवस्थाले बेखामानमा विद्रोहको भाव बीजाङ्कुरण भएको छ। माथिल्लो जातका व्यक्तिलाई तल्लो जातकाले छुनै नहुने भन्ने सङ्कीर्णताले संस्थागत रूप लिएको छ। प्राकृतिक रूपमा मानवको जन्म र शरीररचना प्रक्रिया समान हुन्छ तर विभेद जति सबै समाजमा आएपछि हुन्छ। यसलाई सत्ता र शक्तिले सुरक्षित तथा संस्थागत रूप दिएको हुन्छ। यसैको परिणाम स्वरूप बेखामानले दुर्व्यवहार भोगेको छ। गोपी शर्मालाई व्रतबन्धमा जेजे नगर्नू भनेर गुरुले दीक्षित गरेका थिए त्यही त्यही कामका निम्ति उत्साहित गर्नेमा पहिलो बेखामान नै छ। एकातिर गोपीचाको स्वभाव नै सामाजिक विधि व्यवहारको अनुसरण नगर्ने प्रकृतिको बन्दै गएको छ भने अर्कातिर बेखामानको सङ्गत निर्णायक बनेको छ। त्यसैले बेखामान "के भो ट ? आज खा न यो खाएर लाग्दैन। मान्छेको मासु पो खान हुन्न। टेइ पनि खाकै छ हेर पासा। ठूलाले सानाको खाकै छ। धनीले गरिबको खाकै छ" (पृ.२२) भनेर गोपीचाको चेतनामा क्रान्तिको बीजारोपण गर्दै छ। बेखामानमा यस्तो चेतना पनि रुद्रराज पाण्डेकी छोरीको हात समाएको देखेपछि भएको दुर्व्यवहारको परिणाम हो।

गोपी शर्मालाई शासन, प्रशासन र राजकाज बारे कुनै जानकारी नभएको अवस्थामा राजा को हो, राजाले के गर्नु पर्छ, रैती को हुन् र रैतीलाई राजाले कस्तो व्यवहार गर्नुपर्छ भन्ने जानकारी प्रकाश (राणा परिवारकै सदस्य) बाट प्राप्त भएको छ। त्यसैले उसले देशमा राजा छन् तर प्रकाशले भने जस्तो अवस्थामा छैनन्। सरकारमा शासक छन् तर प्रकाशले

भने जस्तो रैतीले शान्तिले बस्न पाएका छैनन् । देशमा मानिस छन् तर रैतीको स्थानमा राखिका छन् र अधिकार बारे कुनै जानकारीसमेत छैन भन्ने बुझेको छ । "उनीहरूले पहिला प्रधानमन्त्री पद लिए र पछि आफूलाई राजापछिको राजाको घोषणा गरे । अहिले सरकार भनेको पनि उनै, अदालत भनेको पनि उनै, राज्यको भएको सबै पैसा उनको निजी ढुकुटी । नियम उनीहरूकै, मान्ने नमान्ने उनीहरू नै" (पृ.३६) जस्ता तत्कालीन प्रशासनका विकृति र रैतीलाई गरिएको शोषण एवं उत्पीडनले पनि उसलाई आन्दोलित तुल्याएको छ । प्रकाश नै पनि आफूबाट चोखो प्रेम गरिएकी नारीसँग टाढिएर हिँड्नु परेको र दरबारबाट लखेटिएको अवस्था छ । राणा भनेर मात्र पनि नहुने रहेछ । हैकम र हुकुमका भरमा शासन चलाउनेलाई कति बेला, कुन विषय वा घटनाले अहङ्कार सृजना गर्छ र के निर्णय गर्छ भन्ने कुनै टुङ्गो नहुने रहेछ भन्ने निधोमा ऊ पुगेको छ । यसरी सचेत र विद्रोही स्वभाव विकास हुँदै गएको गोपी शर्माले सुन मैचालाई सिन्दुर हालेर बिहा गरेको छ किनभने उसले सबै मानिस बराबर हुन् । कानुन कसैलाई बढी लाग्ने र कसैलाई कम भन्ने हुन्न (पृ.८८) भन्ने जानकारी प्रकाशबाट पाएको थियो । त्यसैले गोपीचामा यस्तो विद्रोही स्वभाव विकास भएको छ कि राणाका सिपाहीका सामू पनि "शास्त्र र कानुनअनुसार गर्न नहुने भन्ने थाहा हुँदाहुँदै पनि गलत काम गरेकोमा यिनलाई कुनै पछुतोसम्म पनि भएको देखिँदैन" (पृ.९४) को उच्च मनोबलको स्तरमा पुगेको छ ।

बेखामान र प्रकाशबाट समाजको अवस्था तथा शासकको क्रूर प्रवृत्तिको राम्रो ज्ञान प्राप्त गरेको गोपी अन्ततः भद्रगोल जेलमा पुगेको छ । च्यामिनीसँगको प्रेमका कारण जात घटुवामा परेको छ र जेलमा पनि च्यामेको दर्जामा रहेर सरसफाइको काम गरेको छ । भद्रगोल जेलमा ल्याइएका नयाँ कैदीमध्ये शुक्रराजलाई टेकु, धर्मभक्त माथेमा पचली, गंगालाल र दशरथ चन्दलाई शोभा भगवतीमा गरिएको क्रूर हत्याले जेलमा त्राहीमाम थियो भने हीराकाजी (गणेशमान सिंह) निडर रहेको जानकारी गोपीचाले चन्द्रबहादुरबाट पाएको छ । "...थेप्चो नाक, चिम्सा आँखा र ठिकै अग्लो मान्छे छ नि । त्यो मान्छे भने मलाई सबैभन्दा आँटिलो लाग्यो" (पृ.१०७) भन्ने जानकारी पाएपछि गोपीचाको झुकाव हीराकाजीतिर बढेको छ । गोपीचामा राजनीतिक रूपान्तरण र परिवर्तनको भोक यति थियो कि पछि आफ्नो गुमेको जात बढुवा हुने वा नहुने बारे हीराकाजीबाट विश्वस्त हुन चाहन्थ्यो (पृ.११२) । यसरी हीराकाजीलाई जेलबाट मुक्त गर्न लागि परेको गोपीचाले दश दिन लगाएर पहिलो इट्टा झिकेको छ (पृ.११९) । परिवर्तन र रूपान्तरणले मात्र समाजको स्वरूप तथा संरचनामा फेरबदल आउँछ भन्ने उसलाई विश्वास छ । आफू पनि सँगै निस्कन सके सुनमैचाको अवस्थाबारे जानकारी लिन सहज हुने उसलाई लागेको छ । प्रेमको चोखोपन तथा आम नागरिकले शासकबाट भोग्नुपरेको उत्पीडन अन्त्यको कामना नै उसमा प्रबल बनेको छ । आफ्नै साथी हर्केलाई आवश्यकताभन्दा बढी विश्वास गर्न पुगेका कारण सारा योजनामा पानी छरिएको छ । यसरी सामान्य असावधानीका कारण हीराकाजीको भाग्ने योजना पनि असफल भएको र गोपीलाई राणाका सिपाहीले कुटीकुटी मारेका छन् (पृ.१३३) । गोपीचाको विद्रोहले तार्किक निष्कर्ष प्राप्त गर्न नसके तापनि तत्कालीन देशद्रोही हीराकाजी (गणेशमान सिंह)को अभियानमा जोडिएको साहसिक योद्धाको अवसान भएको छ ।

**५.निष्कर्ष**

*गोपीचा* (२०८०) उपन्यास विश्व कुइकेलद्वारा रचित नवीनतम् कृति हो । इतिहासका यथार्थ घटनालाई आख्यानीकरणका काल्पनिक युक्तिको प्रयोग गरी कुइकेलले यस उपन्यासको आख्यान योजना तयार गरेका हुन् । इतिहासमा नलेखिएको र समाजमा विद्यमान जातीय उत्पीडनको अन्त्यका निम्ति उल्लेख्य भूमिकासमेत खेलेको वास्तविक व्यक्ति गोपी शर्मालाई पात्रका रूपमा उत्खनन गरी यस उपन्यासको आख्यान तयार गरिएको हो । गोपी शर्मा नामक व्यक्तिले गणेशमान सिंहलाई भद्रगोल जेलबाट मुक्त गराउन भूमिका खेलेको थियो भन्ने उल्लेख पाइए तापनि गोपीको विगत र तत्कालीन समाजको श्यामश्वेत विम्ब कस्तो बनाउने भन्ने विषय उपन्यासकारको कलामा निर्भर हुन्छ । यही जिम्मेवारी बोध गरेर *गोपीचा* उपन्यासको वस्तु (कथावस्तु) तयार गरिएको हो । तत्कालीन समाज जातीय विभेद र उत्पीडनको साङ्लोमा बाँधिएको थियो । नागरिकलाई धर्मका नाममा विभाजित गरेर सत्ताको सुखभोग गर्ने राणाको उद्देश्य थियो । विद्रोहले भित्रभित्र भुसको आगोको रूप लिएको थियो भने गोपी शर्मा पनि त्यसबाट प्रभावित थियो । राणामा पनि

सत्तासीनले भोगचलन गर्ने नियम फरक र विभेदकारी थियो। नागरिकका अधिकार कुण्ठित थिए। यस उपन्यासमा गणेशमान सिंहजस्ता योद्धाले निडर र आत्मविश्वासी भएर रूपान्तरणका निम्ति अग्रणी भूमिका खेलेका कारणले नै आज नागरिकले मौलिक हक एवं अधिकार पाएका हुन् तर उनैको सहयोगीका रूपमा रहेको गोपी शर्मा भने गुमनाम छन्, सहिदको सूचीमा समेत परेका छैनन् भन्ने विचारलाई आख्यानीकरणको केन्द्र बनाइएको छ।

**सन्दर्भ सामग्रीसूची**

कुइकेल, विश्व (२०८०), *गोपीचा,* काठमाडौं : शिखा बुक्स।

गौतम, टेकनाथ (२०५५), *पुनर्विवाह विमर्श,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

गौतम, हरि (२०७६), *नेपाली क्रान्ति र गणेशमान सिंह,* काठमाडौं : ओरिएन्टल प्रकाशन गृह।

मैनाली, सुजित (२०७३), "कसले पछि पाऱ्यो दलितलाई ?",*अन्नपूर्ण फुर्सद* ( फागुन-१४), पृ.क।

लौडारी, ईश्वरीराज (२०६८), *प्रजातन्त्रका योद्धा गणेशमान सिंह,* काठमाडौँः नेपाल र एसियाली अनुसन्धान केन्द्र।

बराल, वासु (२०५०), *हिन्दू सामाजिक सङ्गठनको प्रारूप,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

शर्मा, गणेशराज (२०७२), *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त,* दोस्रो संस्क.,ललितपुर : जगदम्बा प्रकाशन।

**Email : deepakdhakal973@gmail.com**